## स्कुटर खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हान

दरभाउपत्र सुचना नं.:AITC/2078/79#4

तेश्रो पटक सूचना प्रकासन भएको मिति: २०७८/०९/०९

१. यस केन्द्रको लागि आ.ब. २०७८/७९ मा आवश्यक पर्ने ३ (तीन) थान स्कुटर खरिद सम्बन्धी कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुलाई यो सूचना जारी गरिएको छ । इच्छुक फर्म वा कम्पनीहरुले यस केन्द्रमा सम्पर्क गरी वा माथि उल्लेखित फोन वा ईमेल मार्फत दरभाउपत्र सम्बन्धि आवश्यक जानकारी लिन सकिनेछ।

२. इच्छुक फर्म वा कम्पनीहरुले यस केन्द्रको राजस्व खातामा (खाता नं.: ००१०१०००००००१००१००१ नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुर, कार्यालयको नाम- कृषि सूचना तथा प्रशिक्षण केन्द्र, राजस्व शीर्षक: १४२२९, कार्यालय कोड: ३१२००३४०२) रु.१००० दस्तुर जम्मा गरी उक्त भौचर यस केन्द्रमा पेश गरी सिलबन्दी दरभाउपत्र फाराम सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०७८।०९।२३) भित्र खरिद गर्न सकिने छ। साथै दरभाउपत्र फाराम खरिदको लागि नियमानुसारको नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको खण्डमा सोको नोटरी पब्लिकबाट प्रमाणित गराई प्रतिलिपि समेत यस केन्द्रमा पेश गर्नु पर्नेछ।

३. सूचना प्रकाशित भएको मितिले सोह्रौ दिन (२०७८।०९।२४) मध्यान्ह १२.०० बजे भित्र यस केन्द्रको प्रशासन शाखामा अनिवार्य दर्ता गराइसक्नु पर्नेछ। सोहि दिन दिनको १.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। रित नपुगेको र म्याद नाघी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

४. दरभाउपत्रको म्याद दरभाउपत्र खोलेको मितिले ३५ दिनको हुनेछ।

५. दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम दिन दरभाउपत्र दर्ता गराउने दिन तथा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ।

६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ।

७. केन्द्रको स्विकृत कार्यक्रम अनुसार दरभाउ पत्र आह्वान गरिएको छ। सोही अनुसार दरभाउपत्रदाताहरुले भाग लिन सकिनेछ र दरभाउपत्रहरुको मुल्याङ्कन गरिने छ।

८. दरभाउपत्रका साथ मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरी कम्तिमा ७५ दिन म्याद भएको रू. २२५००।- बैंक ग्यारेण्टी (बोलपत्र जमानत) सक्कलै प्रति संलग्न गरी पेश गर्नुपर्नेछ।

९. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

ईश्वरी प्रसाद पाण्डे

निमित्त प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

यस केन्द्रबाट मिति २०७८/०७/२९ मा प्रकाशित सूचना अनुसार पेश भएका कम्पनीहरुका सिलबन्दी दरभाउपत्र मूल्यांकन गर्दा सार्वजनिक खरिद ऐन बमोजिम सारभूत रुपमा प्रभावग्राही नभएकोले पुनः यो सूचना प्रकाशन गरिएको छ।

ईश्वरी प्रसाद पाण्डे
निमित्त प्रमुख